- पृष्ठभूमी :-

  जिल्ला विकास समिति, सिन्धुलीको आयोजना तथा रानीचुरी गाविसको संयोजनमा स्थानीय निकाय र नागरिकहरुका वीचमा दोहोरो सम्वादमा स्थानीयस्तरमा रहेका समुदायहरुको सकृय सहभागितालाई सुनिश्चित गरि स्थानीय तहमा हुने विकास निर्माण, जिम्मेवारी र सेवा प्रवाहमा गुणस्तरीयता कायम गरि अनुशासित एवम् मर्यादित स्थानीय समाज निर्माण गर्न सार्वजनिक सेवा प्रवाहको कार्यलाई नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधी २०६७ तर्जुमा गरि कार्यन्वयनमा ल्याएको छ ।

- उद्देश्य :- स्थानीय निकाय (जिविस/गाविस) वाट संचालित योजना तथा कार्यक्रमको सफल कार्यान्वयन, प्रवाह गरिने सेवा तथा सुविधाको प्रभावकारी वितरणका सम्वन्धमा सार्वजनिक स्थलमा सेवा प्रदायक संस्था समक्ष सेवाग्राही नागरिकले राखेका प्रश्न तथा जिज्ञाशालाई रचनात्मक सुझावको रुपमा ग्रहण गरि आगामी दिनमा थप सुधार गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको माध्यमवाट मार्गदर्शनको रुपमा लिनु ।

- सार्वजनिक सुनुवाई कार्यक्रम संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :-

  मदन व. थिङ (योजना अनुगमन तथा प्रशासकिय अधिकृत, जिविस - सिन्धुली)

- सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका सवालहरु :-

  क) भूकम्प गुनासो फारम वारे ।

  ख) भूकम्पको राहत वितरणमा सहकारीको भूमिका वारे ।

  ग) उपभोक्ता समिति गठनमा हुने गरेका ढिलाई वारे ।

  घ) जिविसले विनियोजन गर्ने वजेट र झो.पु. निर्माण कार्य सम्वन्धमा ।

  ङ) भूकम्पको राहत वितरण सम्वन्धमा ।

  च) महिला हिंसा घट्ना सम्वन्धमा ।

  छ) आन्तरिक स्रोत वृद्धि सम्वन्धमा ।)

  ज) सुकुम्वासी समस्या समाधान वारे ।

  झ) कुष्ठरोग निवारण कार्यालय भवन निर्माण सम्वन्धमा ।

- कार्यक्रम आयोजना स्थल :- रानीचुरी – ५, जरायोटार
- कार्यक्रम आयोजना गरिएका मिति र समय :- २०७३ साल असार १७ गते
- कार्यक्रम संचालन गरिएको समयावधि :- विहान १२:०० देखि दिउँसो ४:०० सम्म

कार्यक्र संचालन विधि :- क) नागरिक प्रतिवेदन कार्ड ख) नागरिक प्रतिवेदन पत्र ग) वर्हिगमन अभिमत घ) सवाल/जवाफ र प्रतिवद्धता

- उठेका प्रश्न/जिज्ञासा र उत्तर

| क्र. सं. | प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | गुर्णहरि घिमिरे, रानीचुरी-५ | भुकम्पको गुनासो फारम उपर आवश्यक कार्यवाही हुन्छ कि हुदैंन ? | मदन व. थिङ, यो. अ. तथा प्र.अ, जिविस | सो सम्वन्धी आवश्यक प्रक्रिया अघि वढि सकेको छ । |
| २. | विन्दा कार्की, अध्यक्ष सरस्वती महिला वचत संस्था - रानीचुरी | भुकम्पको राहत वितरण कार्यमा सहकारी संस्थालाई समावेश गरिन्छ कि गरिदैंन ? | मदन व. थिङ, यो. अ. तथा प्र.अ, जिविस | ह्ाल सो सम्वन्धमा एकिन भन्न सक्ने अवस्था नभएको । |
| ३. | बुद्धि आलेमगर, रानीचुरी - ९ | उपभोक्ता समिति गठनमा किन ढिलाई हुन्छ ? | मदन व. थिङ, यो. अ. तथा प्र.अ, जिविस | उपभोक्ता समिति गठनमा जिविसको कारणले ढिला हुन गएको भन्ने कुरो सत्य होइन ? |
| ४. | गंगा व. कार्की, नेपाली काँग्रेस पार्टी प्रतिनिधी | जिविसले गाविसलाई विनियोजन गर्ने गरिएको रकम किन दामासाहीको आधारमा गरिन्छ ? साथै, झो.पु. निर्माणको लागि किन जिविसले रकम विनियोजन नगरेको ? | भुपेन्द्रध्वज वस्नेत, शाखा अधिकृत जिविस | दामासाहीको आधारमा नभएर आवश्यकताको आधारमा रकम विनियोजन गर्ने गरिन्छ र आवश्यक पहलकदमीको अभावलले गर्दा रकम विनियोजन नभएको हो । |
| ५. | सुवर्ण व. कार्की, मेलमिलापकर्ता - रानीचुरी | आ- आफ्नो हिसावले घर वनाएका भुकम्प पिडित घर परिवारलाई सरकारले राहत वितरण गर्छ कि गर्दैन ? | मदन व. थिङ, यो. अ. तथा प्र.अ, जिविस | भुकम्प प्रतिरोधी घर निर्माण गर्ने प्रतिवद्धता जनाई तदनुसार को कार्य गरेमा सरकारले राहतको प्याकेज उपलव्ध गराउने छ । |
| ६. | अम्विका खुलालमगर, रानीचुरी - ५ | दलित महिलासंग गैर दलित पुरुषले सुरुमा राजिखुसी विहे गरेकोमा हाल आएर विहे दर्ता, वालवच्चाको जन्म दर्ता आदि कार्य नगरि उल्टै पिडित महिलालाई विचल्लीमा पारि पिडक पुरुष फरार रहेकोले पिडित महिलाले न्याय पाउन के गर्नु पर्ला ? | मदन व. थिङ, यो. अ. तथा प्र.अ, जिविस | जिल्ला प्रशासन कार्यालयमा उजुरी गरि आवश्यक कानुनी उपचारको दिशामा अगाडि वढ्नु पर्ने देखिन्छ । |

| | | | | |
|---|---|---|---|---|
| ७. | जय व. गोले, रानीचुरी - ५ | स्थानीय राजनैतिक दल गाविसको आन्तरिक स्रोत वृद्धि गर्ने तर्फ किन अग्रसर नभएको ? | मदन व. थिङ, यो. अ. तथा प्र.अ, जिविस | स्थानीय स्वायत्त शासन ऐन् २०५५ को प्रतिकुल हुने गरि गाविसले कर तथा राजस्व असुली गर्न पाईदैंन । उक्त ऐन् अर्न्तगत रहेर आन्तरिक स्रोत वृद्धिको लागि पहल गर्न सकिन्छ । |
| ८. | भिम व. सार्की, रानीचुरी - ९ | सुकुम्वासीले भुकम्पको राहत अनुदान पाउँछ कि पाउँदैन ? | मदन व. थिङ, यो. अ. तथा प्र.अ, जिविस | यस सम्वन्धमा यथासिघ्र सरकारले आवश्यक पहल गर्दैछ भन्ने कुरा जानकारीमा आएको छ । |
| ९. | कर्ण व. परियार, रानीचुरी - ३ | कुष्ठरोग निवारण स्वयम् सहयता संस्थाको भवन निर्माणको लागि किन गाविसले रकम विनियोजन नगरेको ? | राज कुमार मगर गाविस सचिव, रानीचुरी गाविस | स्रोत साधनले भ्याए सम्म आवश्यक सहयोग गर्न गाविस तयार छ । |
| | | | | |